# सुनिलस्मृति गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**सुलिचौर, रोल्पा**





## आर्थिक वर्ष २०८१/०८२ वार्षिक

## सार्वजनिक सुनुवाई कार्यक्रम

# प्रतिवेदन

रेडियो सभ्यता एफ.एम. ९९.५ मेगाहर्ज

सुनिलस्मृति गाउँपालिका सुलिचौर, रोल्पा


"जनआकांक्षा पूरा गर्ने हाम्रो सङ्कल्पः दिगो विकास र सुशासन मात्र विकल्प"
सुनिलस्मृति गाउँपालिका
आ.व. २०८१/०८२ को
वार्षिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाइ कार्यक्रम
२०८२/०४/२९ गते
विहान १०:३० बजे
गाउँपालिकाको सभाहल
आयोजक
सुनिलस्मृति गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा



## विषय सूचि : पृष्ठ


१) परिचय/पृष्टभूमीः ................................................................४
२) विधिः.................................................................................. ६
३) समन्वय र प्रचार-प्रसारः........................................................ ७
४) सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्यः ...................................... ८
५) निर्गम अभिमतः.................................................................. ९
६) नागरिक प्रतिवेदनः............................................................. १०
७) निर्गम अभिमत मार्फत प्राप्त प्रश्न तथा प्रतिक्रिया र समाधानः..............१०
८) बार्षिक सार्वजनिक सुनुवाई/कार्यक्रम विवरणः....................... २७
९) कार्यक्रममा सहभागिहरुले राखेका जिज्ञासा र सम्बन्धित सरोकारवालाको जवाफः ..........................................................................२९
१०) फोटोमा सार्वजनिक सुनुवाई ..................................................३२
११)सुझाव :.................................................................................. ३४
१२) निष्कर्श :............................................................................ ३५

# सुनिलस्मृति गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय सुलिचौर, रोल्पा

## आर्थिक वर्ष २०८१/०८२ को वार्षिक

# **सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन**

## १) परिचय/पृष्टभूमी:

नेपालको संविधान २०७२ अनुसार राज्यको पुर्न संरचना भई तीन तहको सरकारको अवधारणाबाट निर्वाचन सम्पन्न भएको छ। जननिर्वाचित प्रतिनिधिहरुले सरकार सञ्चालन गरि रहेका छन्। तीन तहको सरकारले सञ्चालनको दायित्व अनुसार आ-आफ्नो ऐन, कानुन बनाउने र अधिकारको उपयोग गर्ने कार्यको थालनी भएकोछ।

संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको ऐन कानून बमोजिम सरकार सञ्चालनको प्रकृया थालनी भएपछि स्थानीय सरकारले पनि सोही अनुरुप अभ्यास गर्दै आएका छन् । जसअनुसार विगतका संरचनाहरुमा रहेका शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, कृषि, पशु विकास लगायतका स्थानीय सरकार मातहत हस्तान्तरण भई सकेको अवस्था छ।

विभिन्न विषयगत इकाइहरुमा रहेका सेवा प्रवाह आर्थिक विकास अन्तर्गत कृषि, विकास, पशु विकास, पर्यटन विकास, उद्यम विकास, सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, लैगिंकसमानता, सामाजिक समावेशीकरण, महिला, बालबालिका, आदिवासी जनजाती, दलित, अपाङ्ग, पिछडा वर्ग, जेष्ठ नागरिक, खेलकुद, खानेपानी सरसफाई सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ प्रशासकीय र वित्तिय सुशासन गरिबी निवारण, रोजगारी, वन वातावरण, विपद् व्यवस्थापन, लगायतका क्षेत्रमा नागरिकताको संग्लनता बढाउन तर्फ स्थानीय सरकार लागेका छन्।

स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन र लाभको हकमा समुदायको सहज पहुँच हुने अवस्था सिर्जना भएको छ । विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागू गर्दै आएको छ । तिनै ऐन, नीति, नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन् ।

कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदर्शीता, जवाफदेहिता, र जनसभागीता र विधिको साशन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । जनताको आवाज तथा जनगुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालयका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनता प्रतिको जवाफदेहीता, उत्तरदायित्व र विकाससँग सम्बन्धित रहन्छ ।

सुनिलस्मृति गाउँपालिकाको कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाई लगायतका विविध विषयमा जनतालाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवं सबल संस्थाको रुपमा स्थापित गर्नका लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न सार्वजनिक सुनुवाई कार्यविधि २०७९ अनुसार वर्षको कम्तिमा तीन पटक सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ । तीनै व्यवस्थाहरुमध्ये प्रथम चौमासिक, दोस्रो चौमासिक र तेस्रो चौमासिक अवधिमा सञ्चालन गरिएका  आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन भएको छ ।

नेपालको संविधान २०७२ को प्रस्तावनामा सहभागितामुलक र सुशासन लगायतका कुरामा प्रतिवद्धता रहेको उल्लेख गरिएको छ । यसका साथै स्थानीय सरकार सञ्चालन सम्बन्धमा व्यवस्थागर्न बनेको ऐन २०७४, सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना २०७४, स्थानीय तह बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४, स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, सुशासन ऐन २०६४, सूचनाको हक ऐन २०६४, क्षतिपूर्तिसहितको नागरिक वडापत्र २०६९ लगायतले सुशासन प्रवर्द्धनका लागि जोड दिएको छ।

स्थानीय तहमा सुशासन वा सामाजिक जवाफदेहिता प्रवर्द्धनका लागि विभिन्न औजारहरुको अभ्यास गर्न र उपभोक्ता समितिबाट सम्पन्न विभिन्न योजनालाई पारदर्शी बनाउने अभ्यासका लागि विभिन्न नीति, निर्देशिका, कार्यविधि तयार गरि सोही आधारमा स्थानीय तह सो सँग सम्बन्धित सेवाप्रदायक इकाईहरु र निकायबाट प्रवाह हुने सेवामा प्रभावकारी बनाउदै लैजान आवश्यक रहेको छ । यस सार्वजनिक सुनुवाई कार्यक्रमको सहजिकरण तथा सहकार्य रेडियो सभ्यता ९९.५ मेगाहर्जबाट भएको थियो ।

## २) विधि:

जुनसुकै कार्यक्रम सम्पन्न गर्नका लागि पुर्व तयारीको आवश्यक पर्दछ । सुनिलस्मृति गाउँपालिकाले चालु आर्थिक वर्षको १ वर्ष भरिमा गरेको प्रगति र नागरिकहरुको विभिन्न समस्या बुझ्नका लागि वार्षिक, प्रथम र दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने गरिरहेको छ । गाउँकार्यपालिकाको बैठकले आर्थिक वर्ष २०८१-०८२ को वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम यहि मिति २०८२ सा साउन २९ गते सुनिलस्मृति गाउँपालिकाको केन्द्र सुलिचौरमा गर्ने निर्णय गरेको थियो ।

आर्थिक वर्ष २०८१-०८२ को वार्षिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नका लागि गाउँपालिकाको कार्यपालिका बैठकले मिति, समय र स्थान तय गरेको थियो । सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्ने निर्णय पश्चात ग्रामिण इलाकामा सुझाव संकलन तथा निर्गम अभिमत, नागरिक प्रतिवेदन संकलन गर्न सार्वजनिक सुनुवाई सहजिकरण गर्नका लागि एक जना सार्वजनिक सुनुवाई संयोजकलाई नियुक्ति गरिएको थियो । संयोजकलाई सुनिलस्मृति गाउँपालिकाका विभिन्न वडा तथा बस्ति स्तरमा सुझाव संकलन, निर्गम अभिमत, नागकिर प्रतिवेदन संकलन गर्नका सहजकर्तालाई पठाइएको थियो ।

वडा, टोल, बस्तिमा जाँदा आम नागरिकहरुलाई सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थितीका लागि आग्रह समेत गरिएको थियो । साउन २६ गते सम्म सुझाव संकलन, नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलन अभियान सकिएको थियो । कार्यक्रममा धेरै भन्दा धेरै सहभागिता होस भन्नका लागि विभिन्न सामाजिक संजाल, मिडिया, पत्रपत्रिकामा प्रचार-प्रसार गर्नुका साथै पत्राचार समेत गरिएको थियो । कार्यक्रममा अधिक सेवाग्राहिहरुको सहभागिताका लागि, सुझाव संकलनमा सहभागि वडाका जनप्रतिनिधि र कर्मचारीहरुलाई उपस्थितिका लागि आग्रह समेत गरिएको थियो ।

कार्यक्रम स्थलको बारेमा पुर्व अवलोकन समेत गरिएको थियो । कार्यक्रमलाई व्यवस्थित गर्नका लागि बस्ने कुर्सी, टेबुल, खाने पानी, नास्ता लगायत अवश्यक पर्ने औजार उपकरणको समेत व्यवस्था गरिएको थियो ।

## ३) समन्वय र प्रचार-प्रसार:

कुनै पनि कार्यक्रम सभ्य र भव्य रुपमा सम्पन्न गर्नका लागि समन्वय र प्रचार-प्रसारको अत्यन्त महत्वपुर्ण भूमिका रहन्छ । सरोकारवाला विभिन्न निकायहरुसंग समन्वय र सम्पुर्ण सेवा ग्राहिहरु समक्ष कार्यक्रमको बारेमा जानकारी पुऱ्याउन सक्नु नै कार्यक्रम सफल बनाउने अचुक उपाए हो ।

आर्थिक वर्ष २०८२१-०८२ को वार्षिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने मिति, समय र स्थान गाउँकार्यपालिकाको बैठकले तय गरेको थियो । कार्यपालिकाको बैठकले चालु आर्थिक वर्षको वार्षिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई साउन २९ गते गर्ने निर्णय गरे पश्चात कार्यक्रम कसरी सम्पन्न गर्ने भन्ने बारेमा छलफल गरिएको थियो । कार्यक्रमलाई सभ्य र भव्य बनाउनका लागि सुनिलस्मृति गाउँपालिका वडा नं. १, २, ३, ४, ५, ६, ७ र ८ का बस्तिस्तरमा सम्पुर्ण नागरिकहरुको गुनासो कार्यक्रममा समावेश गर्नका लागि प्रत्येक टोल-टोलमा पुग्न वडा अध्यक्ष र वडा सदस्यहरुसंग समन्वय गरिएको थियो ।

सुझाव संकलन, नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनका लागि सहभागि भएकाहरुलाई सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिताका लागि आग्रह गरिएको थियो भने वडा अध्यक्ष र सदस्यहरुलाई वडाबाट सकेसम्म धेरै सहभागि लिन आग्रह गरिएको थियो । गाउँपालिकाको सुचना पार्टी, फेसबुक पेज, वयबसाइट लगाएतका सामाजिक संजालहरुबाट सुचना प्रवाह गरिएको थियो । जिल्लाका क्रियाशिल पत्रकारहरु, नागरिक समाज, वुद्धिजिवि, समाजसेवि, ब्यापारी लगायतलाई उपस्थितिका लागि आग्रह गरिएको थियो । जिल्लामा रहेको संचारमाध्यम, पत्रपत्रिकाहरुमा निरन्तर सुचना प्रवाह गर्नुका साथै सार्वजनिक सुनुवाई कार्यक्रमको प्रचार-प्रसारका लागि अन्तरवार्ता, कुराकानी, छलफल समेत धेरै पटक गरिएको थियो ।

सार्वजनिक सुनुवाई गर्नु पुर्व बस्ति स्तरमा सुझाव संकलन, नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलन कार्यक्रमको समाचार, सूचनालाई प्राथमिकताका साथ प्रचार-प्रसार गरिएको थियो । यसका साथै विभिन्न रानीतिक दल, सुरक्षाकर्मी, पत्रकार लगायतलाई फोन मार्फत कार्यक्रमको मिति, समय र स्थानका बारेमा पटक-पटक जानकारी गराइएको थियो । वडामा रहेका सबै जनप्रतिनिधिहरु, कर्मचारीहरुले पनि सेवा ग्राहिहरुलाई कार्यक्रममा उपस्थितिका लागि अनुरोध गरेका थिए ।

## ४) सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्य:

सार्वजनिक सुनुवाई गर्नुको मुख्य उद्देश्य चालू आर्थिक वर्ष २०८१।०८२ को वर्ष भरिमा सुनिलस्मृति गाउँपालिकाद्धारा सेवा तथा सम्पादन गरिएका कार्यक्रहरुको बारेमा जानकारी दिने र जनताको बुझाई र प्रतिक्रिया लिने तथा जनताको गुनासो सम्बोधन गर्नु मुख्य उद्देश्य हो ।

सेवा प्रदायक कार्यालयहरुले राम्रो सेवा दिन खोज्दा खोज्दै कहिले काही गलत बुझाइ पैदा हुन सक्छ । आफुले आफुलाई राम्रो गरेको महशुस हुँदा हुँदै पनि सेवा प्रदायकले असजिलो महशुस गर्न सक्छ । कहिले काही सुनेकै भरमा सेवा प्रदायकहरु सम्म गलन सन्देश पनि जान सक्छ यि सवै सवाल र समस्या निवारण गरि साँझा बुझाई निमार्ण गर्नु सार्वजनिक सुनुवाई कार्यक्रमको अर्को उदेश्य हो ।

सुनिलस्मृति गाउँपालिकाले विभिन्न नीति, कार्यक्रम तथा योजनाहरु सम्पन्न गरेर मात्र सार्थकता नहुने भएकाले गाउँपालिकाले सम्पन्न गरेका विभिन्न कार्यक्रम तथा योजनाहरुका बारेमा जनताहरुलाइ जानकारी दिने, गाउँपालिका, वडा कार्यालयले प्रदान गर्ने सेवा प्रवाहका साथै पालिका भित्र रहेको विभिन्न सेवा प्रदायक कार्यालयहरुको बारेमा जानकारी आम सेवाग्राहिहरुलाई दिनुका साथै सेवा प्रदायकहरुको गुनासो, सुझाव, सल्लाह, समस्यालाई सहजिकरण गर्नुका साथै आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा योजनाहरुमा नागरिकहरुको गुनासो सम्बोधन गर्न अहम भूमिका खेल्नु पनि सर्वजनिक सुनुवाईको उदेश्य हो ।

**यसका विशिष्ट उद्देश्यहरु तपशिल अनुसार रहेका छन्:**

क) गाउँपालिकाको सेवा प्रवाहमा पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व कायम गर्न ।

ख) गाउँपालिकाको सेवा एवं विकास निर्माणबारे सरोकारवालाहरुको धारणा, जिज्ञासा, विचार र सुझावलाई सम्बोधन गर्न ।

ग) स्थानीय तहबाट प्रवाह हुने सेवा, सुविधा तथा वस्तुकाबारेमा सेवाग्राही नागरिकबाट पृष्ठपोषण लिन ।

घ) स्थानीय सरकार र नागरिकहरुका बीचमा दोहोरो सम्बाद स्थापित गर्न ।

ङ) विकास निर्माण प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्धारा सेवा प्रवाहलाई गुणस्तरीय बनाउन ।

च) सञ्चालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी सार्वजनिक थलोमा सेवाग्राहीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउन ।

छ) नागरिकबाट प्राप्त सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार र सरकार सञ्चालनको लागि ।

## ५) निर्गम अभिमत:

सार्वजनिक सुनुवाई गर्नु पुर्व बस्ति स्तरमा सुझाव संकलन, नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलन गरिएको थियो । सुनिलस्मृति गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यविधि २०७९ अनुसार सुनिलस्मृति गाउँपालिका भित्र रहेको विभिन्न ८ वटा वडामा सेवा प्रदायक कार्यालयले दिएको सेवा, सेवाग्राहिहरुलाई कस्तो लाग्यो भनि निर्गम अभिमत संकलन गरिएको थियो । दोस्रो चौमासिक सार्वजनिक सुनुवाई भएकाले गाउँपालिका भित्रका विभिन्न स्थानमा नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलन गर्ने गाउँपालिककले निर्णय गरेको थियो । गत आर्थिक वर्ष २०८१-०८२ को वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रमलाई लक्षित गरेर सुनिलस्मृति गाउँपालिका वडा नं. १ घोडागाउँ, २ को खुग्री, ३ को मिझिङ, वडा नं ४ को सुलिचौर, ५ को गजुल, ६ को गजुलकोट, ७ को तेबाङ र ८ नं. वडाको अरेशमा निर्गम अभिमत संकलन गरिएको थियो ।

वडा कार्यालय तथा विभिन्न कलष्टरमा रहेको सेवाप्रदायक कार्यालयहरुबाट सेवा लिएर फर्किरहेका सेवाग्राहिहरुले सेवा लिदाको अवस्थामा कस्तो महशुस गरे, कार्यालयले दिने सेवा प्रवाह कस्तो लाग्यो, कार्यालयको भौतिक संरचना, सरसफाई, कर्मचारीको ब्यवहार लगायतका बारेमा पश्नावली तयार गरेर सेवाग्राहिहरुको प्रतिकृया संकलन गरिएको थियो साथै कार्यालयको राम्रो लागेका कुरा तथा सुधार गर्नु पर्ने कुराहरु के-के छन लेख्न लगाइएको थियो ।

हरेक स्थानमा ०५-०५ वटा भन्दा बढी निर्गम अभिमत गरि ८ स्थानमा कुल ५० जना सेवाग्राहिहरुसंग निर्गम अभिमत संकलन गरिएको थियो । यसका साथै प्रत्यक स्थानमा १ जना महिला र १ जना पुरुष नछुट्ने गरि उनिहरुको स्थानमा भएका समस्या, प्रश्न, जिज्ञासा तथा सुझाव पनि रेकर्ड गरिएको थियो । जुन रेकर्ड आवाज सुनिलस्मृति गाउँपालिका वडा नं. १ घोडागाउँमा सम्पन्न भएको दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा सम्वन्धित वडा कार्यालय, पालिकाका शाखा प्रमुख तथा जनप्रतिनिधिहरुलाई समाधानका लागि आग्रह गरिएको थियो ।

## ६) नागरिक प्रतिवेदन:

सुनिलस्मृति गाउँपालिका वडा नं. १ घोडागाउँमा २०८२ साल साउन २९ गते हुने वार्षिक सार्वजनिक सुनुवाईलाई लक्षित गरेर गाउँपालिकाका बिभिन्न कलष्टरहरुमा पुगेर नागरिक प्रतिवेदन तयार परिएको थियो ।

सुनिलस्मृति गाउँपालिकाले २०७९ सालमा पारित गरेको सार्वजनिक सुनुवाई कार्यविधि २०७९ ले तयार पारेको अनुसुचि अनुसारको नागरिक प्रतिवेदन तयार गरिएको थियो । प्रत्येक कलष्टरमा रहेको विभिन्न सेवा प्रदायक कार्यालयहरुमा सेवा प्रवाहको अवस्था कस्तो छ, सेवाप्रदायक कर्मचारीको ब्यवहार, क्षमता, काम गर्ने शैली, कार्यालयको भौतिक संरचना, कार्यालय ब्यवस्थापन, सुशासन, पारदर्शिता, जवाफदेहिता, कार्यालयको आर्थिक अवस्था, सरसफाई लगायत ४८ वटा विभिन्न प्रश्नावलीहरु समेटिएको नागरिक प्रतिवेदन फारम तयार गरि भर्न लगाइएको थियो ।

नागरिक प्रतिवेदन तयार पार्दा, महिला, पुरुष, दलित, जनजाति, फरक क्षमता भएका ब्यक्ती लगाएतलाई नछुट्ने गरि समावेश गरिएको थियो । प्रतिवेदन तयार पर्दा कर्मचारी, जनप्रतिनिधि वा सेवाप्रदायक कसैको पनि प्रभाव नपरोस भन्नका लागि सेवाग्राहिहरुलाई छुट्टा छुट्टै बसाईको ब्यवस्था समेत गरिएको थियो । साथै आफुले सेवा लिन जाँदा जस्तो महशुस गरेको सोही बमोजिम कसैको डर, त्रास तथा कुनै पनि शंका नमानि भर्न आग्रह गरिएको थियो । हरेक टोलबाट गरि २५ वटा भन्दा धेरै नागरिक प्रतिवेदन तयार गरिएको थियो । जुन सार्वजनिक सुनुवाई हुने मितिमा सेवाप्रदायकहरुले हेर्न चाहेको खण्डमा हेर्न सकिने ब्यवस्था समेत गरिएको थियो ।

## ७) निर्गम अभिमत मार्फत प्राप्त प्रश्न तथा प्रतिक्रिया र समाधान:

विभिन्न सेवाप्रदायक कार्यालयहरुबाट प्रदान गरिएका सेवाप्रवाहका साथै कर्मचारीको सेवाग्राही प्रतिको ब्यवहार, कार्यालयको राम्रो पक्ष, सुधार गर्नु पर्ने कुराहरु तथा प्रश्न, प्रतिकृया समेत निर्गम अभिमतमा संकलन गरिएको थियो । वस्ती स्तरमा प्राप्त राम्रो पक्ष तथा सुधार गर्नु पर्ने कुराहरु साथै प्रश्न, प्रतिकृया र सम्बन्धित अधिकारीले दिएको समाधान यस प्रकारको रहेको छ ।

क) सुनिलस्मृति गाउँपालिका वडा नं. १ घोडागाउँ

| क्र.स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने व्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | श्रीधर कवर सुनिलस्मृति गाउँपालिका वडा नं.१ घोडागाउँ | उपभोक्ता समितिमा काम गरि भुक्तानीका लागि धेरै दु:ख दिने गरेको, झन्जट बोहोर्नु परेको | सुनिलस्मृति गाउँपालिका का अधयक्ष मणिराम बुढाथोकी | आफुले सम्पुर्ण कागजातहरु मिलाएको खण्डमा कुनै पनि झन्जट नहुने भनई, योजना राम्रोसंग सम्पन्न भए नभएको प्राविधिक तथा सम्वन्धित कर्मचारीले हेर्नु पर्ने, कागज पत्र मिले नमिलेको सम्पुर्ण हेरविचार गरेर मात्र भुक्तानी दिनु राम्रो भएकाले उपभोत्ताहरुले पनि कागजपत्र मिलाउनमा झन्जट नमान्न आग्रह । आफु सक्षम र गतिलो भए पछि कसैले पनि केहि नगर्ने भनाई । | |
| | लक्ष्मी खत्री सुनिलस्मृति गाउँपालिका वडा नं.१ घोडागाउँ | महिलाहरुलाई स्वरोजगार तालिमको व्यवस्था हुनु पर्ने, युवाहरु कुलतमा फसेका कारणले शिक्षाको गुणस्तरमा समेत कमजोर भएकाले यसको नियन्त्रण गर्नु पर्ने । | सुनिलस्मृति गाउँपालिका का अधयक्ष मणिराम बुढाथोकी र उपाध्यक्ष मीना थापा | हरेक वर्ष महिलाहरुलाई शिपमुलक तालिम प्रदान गरिरहेको जानकारी गराउदै तालिम लिएकाहरुले पनि तालिममा सिकेको कुराहरु ब्यवहारमा उतारी स्वरोजगार बन्न तिर लाग्नु पर्ने सुझाव दिनु भएको छ । साथै बजेट अभावका कारण सम्पुर्ण महिलाहरुलाई तालिम दिन नसकेको स्वीकार गर्नु भएको छ । गाउँपालिका अध्यक्ष वुढाथोकीले कुलत नियन्त्रणका लागि वडाले र पालिकाले पहल गरिरहेको साथै शिक्षा क्षेत्रको सुधारका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिरहको जानकारी दिनु भएको छ । | |

सुनिलस्मृति गाउँपालिका वडा नं. १ को घोडागाउँ वडा कार्यालयबाट सेवा लियर फर्कदै गरेको सेवाग्राहिहरुसंग निर्गम अभिमत संकलन गरिएको थियो । उनिहरुले विभिन्न प्रश्न तथा प्रतिकृया अभिमतमा जाहेर गरेका थिए । यसका साथै सोही स्थानका १३ जना भन्दा धेरैसंग नागरिक प्रतिवेदन पनि तयार पारिएको थियो । त्यतिकै संख्यामा निर्गम अभिमत संकलन गरिएको थियो ।




*सुनिलस्मृति गाउँपालिका वडा नं. १ घोडागाउँमा नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनको समयमा लिइएको तस्बिर :*

ख) सुनिलस्मृति गाउँपालिका वडा नं. २ खुड्ग्री

| क्र. स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने ब्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | सुरेन्द्र सेन सुनिलस्मृति गाउँपालिका वडा नं. २ हरिगाउँ | मुख्य सडकहरु पिच गर्नु पर्ने, हरिगाउँमा अधिकांस कृषक भएकाले पालिकाले कृषि क्षेत्रमा ध्यान दिनु पर्ने | सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष मणिराम बुढाथोकी | सुरेन्द्र सेनले भनेको जस्तै अहिले पालिकाले विभिन्न वडा सम्म पुग्ने सडक पिका लागि संघ प्रदेशको बजेटमा स्तारोन्नति र पिचको कामहरु भइरहेको जानकारी दिनु भएको छ साथै कृषि क्षेत्र पालिकाकाले आर्थिक मेरुदण्ड भएकाले कृषि क्षेत्रका पनि काम गरिरहेको जानकारी दिनु भएको छ । । | |
| २. | धनसर गिरी सुनिलस्मृति गाउँपालिका वडा नं. २ खुड्ग्री | मकैमा रोग लागेको, पालिकामा भन्दा पोहोर साल उखेलेर फाल्नुस भन्ने प्राविधिकले जवाफ दिएको उखेलेर फालेको तर अहिले पनि कमैमा त्यहि समस्या देखिएको । | सुनिलस्मृति गाउँपालिका कृषि शाखा प्रमुख डिल्ली केसी | कृषि बालीमा भाइरस र ब्याक्टेरीयाका कारण लागेको रोगको उपचार गर्न नसकिने जानकारी दिनु भएको छ । यसका लागि निदानका उपाएहरु पहिले नै गर्नु पर्ने सुझाव दिनु भएको छ । यदि निदानका उपायहरु नगरि रोगको लक्षण देखिएमा नष्ट गर्नु बाहेक कुनै उपाय भएको जानकारी दिनु भएको छ । | |

सुनिलस्मृति गाउँपालिका वडा नं. २ को खुङ्ग्रीमा निर्गम अभिमत र नागरिक प्रतिवेदन तयार पारिएको थियो । सेवा लियर फर्कदै गरेको सेवाग्राहिहरुसंग निर्गम अभिमत संकलन गरिएको थियो । उनिहरुले विभिन्न प्रश्न तथा प्रतिकृया अभिमतमा जाहेर गरेका थिए । यसका साथै सोही स्थानका १० जना भन्दा धेरैसंग नागरिक प्रतिवेदन पनि तयार पारिएको थियो । त्यतिकै संख्यामा निर्गम अभिमत संकलन गरिएको थियो ।



*सुनिलस्मृति गाउँपालिका २ खुङ्ग्रीमा नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनको समयमा लिइएको तस्बिर :*

## ग) सुनिलस्मृति गाउँपालिका वडा नं. ३ रुइनिबाङः

| क्र. स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने व्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | विनिता विष्ट सुनिलस्मृति गाउँपालिका वडा नं. ३ मिझिङ | एक पटक तालिम लिएका महिलाहरुलाई पुनरताजकीय तालिमको व्यवस्था गर्नु पर्ने, किसानहरुले उत्पादन गरेको कृषि उत्पादनलाई बजारीकरणमा ध्यान दिनु पर्ने । | सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष मणिराम बुढाथोकी र उपाध्यक्ष मीना थापा | किसानहरु उत्पादनका लाग्न आग्रह गर्दै पालिकामा कृषकहरुले उत्पादन गरेको कृषि उत्पादनलाई बजारीकरण गर्नका लागि आफुहरुले प्रयास गरिरहेको जानकारी दिनु भएको छ । उपाध्यक्ष थापाले रकम अभावका कारण सम्पुर्ण महिलाहरुलाई तालिम दिन नसकेको साथै पुनरताजकीय तालिमका लागि पनि आफुले प्रयास गर्ने जानकारी दिनु भएको छ । | |
| २. | झपेन्द्र विष्ट सुनिलस्मृति गाउँपालिका वडा नं. ३ मिझिङ | शिक्षामा गुणस्तर सुधारका लागि पालिकाले ध्यान दिनु पर्ने, सटिफिकेट महंगोमा दिएकोमा गुनासो साथै शिक्षामा राजनीति हुने गरेको गुनासो । | सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष मणिराम बुढाथोकी | शिक्षा क्षेत्र सुधारका लागि आफुहरुले पालिकाबाट सकेजति प्रयास गरिरहेको जानकारी, विद्यालयको भौतिक पुर्वाधारको सुधार गरि सकेको र गुणस्तर सुधारका लागि पनि विभिन्न तालिम, अभिमुखिकरणका कार्यक्रमहरु भइरहको जानकारी दिनु भएको छ । उहाले विद्यालय जस्तो क्षेत्रमा राजनीति गर्नु उचित नभएको र समाजका वुद्धिजिबीहरुले त्यसो नगर्न आग्रह गर्नु भएको छ । | |

सुनिलस्मृति गाउँपालिका वडा नं. ३ को मिभिङमा निर्गम अभिमत र नागरिक प्रतिवेदन तयार पारिएको थियो । सेवा लियर फर्कदै गरेको सेवाग्राहिहरुसंग निर्गम अभिमत संकलन गरिएको थियो । उनिहरुले विभिन्न प्रश्न तथा प्रतिकृया अभिमतमा जाहेर गरेका थिए । यसका साथै सोही स्थानका १२ जना भन्दा धेरैसंग नागरिक प्रतिवेदन पनि तयार पारिएको थियो । त्यतिकै संख्यामा निर्गम अभिमत संकलन गरिएको थियो ।



*सुनिलस्मृति गाउँपालिका ३ मिभिङमा नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनको समयमा लिइएको तस्बिर :*

## घ) सुनिलस्मृति गाउँपालिका वडा नं. ४ सुलिचौर:

| क्र.स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने व्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | सस्मीता घर्तीमगर सुनिलस्मृति गाउँपालिका वडा नं. ४ सुलिचौर | बडा कार्यालय भाडामा रहेको, स्वास्थ्य केन्द्रमा जटिल प्रसूति सेवा नभएको, शू:ल्क महंगो भएको, बाउबाङमा सिचाइको व्यवस्था नभएको । | सुनिलस्मृति गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष ओविलाल बस्नेत | वडा कार्यालयको भवन बनाउनका लागि जग्गा प्राप्तिमा समस्या भएकाले बनाउन नसकिएको, प्रथमिक स्वास्थ्य केन्द्रमा शू:ल्क महंगो भएको विषयमा आफुले अन्यत्र मेडिकलको शू:ल्क बुझ्रेर महंगो भएको भए घटाउनका लागि प्रयास गर्ने भनाई । | |
| २. | जयकली विष्ट सुनिलस्मृति गाउँपालिका वडा नं. ४ सुलिचौर | बजारमा अझै फोहोर व्यवस्थापन हुन नसकेको, कसै कसैले व्यवसाय दर्ता नगरेर चलाएको, वर्षामा खानेपानीमा लेदो मिसिएर आउने गरेको, वडा कार्यालय सम्म आउने सडकको अवस्था बेजोक रहेको । | सुनिलस्मृति गाउँपालिकाका वडा नं. ४ का वडा अध्यक्ष ओबिलाल बस्नेत | फोहोर व्यवस्थापनका लागि पालिका र वडाले प्रयास गरिरहेको त्यसका लागि नागरिकहरु पनि जागरुक भएर फोहोर व्यवस्थापनमा लाग्नु पर्ने, वर्षामा खानेपानीमा लेदो आउने समस्या समाधानका लागि बजार भन्दा माथि पानी फिल्टर गर्नका लागि ट्याङ्की बनाउने काम भएरेको, वडा कार्यालय सम्म आउने सडक पहिले पनि पिच भएको तर गुणस्तरहिन काम भएकाले उत्रेको र फेरी बजेट परेकाले पिचका काम केहि महिना पछि हुने जानकारी दिनु भएको छ । | |

सुनिलस्मृति गाउँपालिका वडा नं. ४ को सुलिचौरमा निर्गम अभिमत र नागरिक प्रतिवेदन तयार पारिएको थियो । सेवा लियर फर्कदै गरेको सेवाग्राहिहरुसंग निर्गम अभिमत संकलन गरिएको थियो । उनिहरुले विभिन्न प्रश्न तथा प्रतिकृया अभिमतमा जाहेर गरेका थिए । यसका साथै सोही स्थानका १० जना भन्दा धेरैसंग नागरिक प्रतिवेदन पनि तयार पारिएको थियो । त्यतिकै संख्यामा निर्गम अभिमत संकलन गरिएको थियो ।



*सुनिलस्मृति गाउँपालिका ४ सुलिचौरमा नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनको समयमा लिइएको तस्बिर :*

क) सुनिलस्मृति गाउँपालिका वडा नं. ५ गजुल

| क्र.स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने ब्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | सुर्य महरा सुनिलस्मृति गाउँपालिका वडा नं.५ गजुल | कृषकहरुले उत्पादन गरेको कृषि उत्पादनलाई वजारीकरणमा ध्यान दिनु पर्ने, बहुवर्षेमा परेको ५ नं. वडा कार्यालय जोड्ने सडकको काम छिटो सुरु गर्नु पर्ने | सुनिलस्मृति गाउँपालिका का अधयक्ष मणिराम बुढाथोकी<br>कृषि शाखा प्रमुख डिल्ली केसी | सुनिलस्मृति गाउँपालिका वडा नं. ५ को वडा कार्यालय सम्म पुग्ने सडक बहुवर्षेमा परेकोमा खुसी ब्यक्त गर्दै उक्त कार्य छिटो सुचारु गर्नका लागि आफुले पहल थाल्ने अध्यक्ष बुढाथोकीले बताउनु भएको छ भने केसीले कृषकहरुले उत्पादन गरेको कृषि उपभोग्य बस्तुहरुको बजारीकरणका लागि आफुले पालिकामा पहल गरिरहेको र पालिका सकरात्मक भएको बताउनु भएको छ । | |
| | तिर्खलाल घर्तीमगर सुनिलस्मृति गाउँपालिका वडा नं.५ गजुल | वडा भित्रका वस्ती जोड्ने विभिन्न सडकहरुको अवस्था नाजुक रहेको, हिउदमा धुलाम्मे र वर्षामा हिलाम्मे हुने भएकाले यात्रा गर्न कष्ट हुने गरेको, वडा नं. ६ गजुल जाने सडक मा पर्ने पुल निमार्ण गर्नु पर्ने । | सुनिलस्मृति गाउँपालिका का अधयक्ष मणिराम बुढाथोकी र | वडा भित्रका सम्पुर्ण वस्ती जोड्ने सडक निमार्ण तथा वर्षामा पनि सुचारु गर्नका लागि पालिकाले ध्यान दिइरहेको जानकारी, गजुल जाने बाटोमा पर्ने पुलका लागि गत आर्थिक वर्षमा बजेट परेको तर सम्वन्धित कार्यालयले टेण्डर नगर्दा वजेट कार्यान्वयन गर्न नसकेको जानकारी दिदै उक्त पुल निमार्णका लागि फेरी पनि आफुले संघ वा प्रदेशमा पहल गरिरहेको जानकारी अध्यक्ष बुढाथोकीले दिनु भएको छ । वस्ती जोड्ने सडकहरुलाई पनि क्रमैसंग स्तरोन्नीका लागि पालिकाले योजना बनाइरहेको बताउनु भएको छ । | |

सुनिलस्मृति गाउँपालिका वडा नं. ५ को गजुल वडा कार्यालयबाट सेवा लियर फर्कदै गरेको सेवाग्राहिहरुसंग निर्गम अभिमत संकलन गरिएको थियो । उनिहरुले विभिन्न प्रश्न तथा प्रतिकृया अभिमतमा जाहेर गरेका थिए । यसका साथै सोही स्थानका १० जना भन्दा धेरैसंग नागरिक प्रतिवेदन पनि तयार पारिएको थियो । त्यतिकै संख्यामा निर्गम अभिमत संकलन गरिएको थियो ।



*सुनिलस्मृति गाउँपालिका वडा नं. ५ गजुलमा नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनको समयमा लिइएको तस्बिर :*

## ख) सुनिलस्मृति गाउँपालिका वडा नं. ६ गजुलकोट

| क्र. स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने व्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | अनराम सुनार सुनिलस्मृति गाउँपालिका वडा नं. ६ धौलिगाउँ | सामाजिक सुरक्षा भट्टा लिनका लागि दोभान टाढा जानु परेकाले समस्या हुने गरेको त्यसका लागि वडा वा पालिकाले ब्यवस्था गर्नु पर्ने | सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष मणिराम बुढाथोकी | अहिले वडाका कर्मचारीहरु र जनप्रतिनिधिहरुको सहयोगमा वडा-वडामा सामाजिक सुरक्षा भट्टा वितरण गरेको जानकारी दिनु भएको छ । पालिकाको केन्द्रमा भएको बैंकले पनि साथ दिएकाले त्यसो गर्न सकिएको जानकारी दिदै अति असक्त, अपांगहरुलाई घर-घरमै गएर सामाजिक सुरक्षा भट्टा वितरण गरेको बुढाथोकीले बताउनु भएको छ । | |
| २. | कुसुम परियार सुनिलस्मृति गाउँपालिका वडा नं. ६ गजुलकोट | सम्पुर्ण महिलाहरुलाई स्वरोजगार तालिमका साथै महिलाहरुलाई आफ्नो समस्या खुलस्त राख्नका लागि सशक्तिकरणको तालिम दिनु पर्ने । | सुनिलस्मृति गाउँपालिकाका उपाध्यक्ष मीना थापा | महिलाहरुलाई स्वरोजगारका लागि पालिकामा उपलब्ध भएको बजेटले पुग्ने गरि तालिमको ब्यवस्थापन गरिरहेको जानकारी दिदै महिलाहरुले आफ्नो समस्या खुलस्त राख्नका लागि सशक्तिकरणका लागिमहरु पालिकाको सहयोगमा विभिन्न संघ सस्थाहरुले पनि दिइरहेको र पालिकाले पनि दिदै जानको बताउनु भएको छ । | |

सुनिलस्मृति गाउँपालिका वडा नं. ६ को गजुलकोटमा निर्गम अभिमत र नागरिक प्रतिवेदन तयार पारिएको थियो । सेवा लियर फर्कदै गरेको सेवाग्राहिहरुसंग निर्गम अभिमत संकलन गरिएको थियो । उनिहरुले विभिन्न प्रश्न तथा प्रतिकृया अभिमतमा जाहेर गरेका थिए । यसका साथै सोही स्थानका १० जना भन्दा धेरैसंग नागरिक प्रतिवेदन पनि तयार पारिएको थियो । त्यतिकै संख्यामा निर्गम अभिमत संकलन गरिएको थियो ।



*सुनिलस्मृति गाउँपालिका ६ गजुलकोटमा नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनको समयमा लिइएको तस्बिर :*

## ग) सुनिलस्मृति गाउँपालिका वडा नं. ७ तेबाङ

| क्र. स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने व्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | देवेन्द्र घर्ती सुनिलस्मृति गाउँपालिका वडा नं. ७ तेबाङ | तेबाङको वडा कार्यालय जोड्ने सडकको स्तरोन्नती गर्दा अनावश्य टिकाटिप्पणी भएको, विद्यालयमा शिक्षाको गुणस्तर सुधारका लागि ध्यान दिनु पर्ने । | सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष मणिराम बुढाथोकी र उपाध्यक्ष मीना थापा | गत आर्थिक वर्षमा तेबाङको बाटो निर्माणका लागि बजेट परेको तर कार्यान्वयन गराउने कार्यालयले ढिलो टेण्डर गर्दा पुरै काम हुन नसकेको तर काम हुदैनकी भन्ने अवस्थामा पनि त्यति काम भएकोमा अध्यक्षले खुसी ब्यक्त गर्दै अनावश्यक टिकाटिप्पणी गर्नु आवश्यक भएको बताउनु भएको छ । उपाध्यक्ष थापाले शिक्षा क्षेत्रको सुधारका लागि भौतिक पुर्वाधारका कामहरुका साथै विभिन्न तालिम, गोष्ठि तथा समन्वयात्मक बैठक भइरहेको र अहिले एसईईको रिजल्ट इतिहासकै राम्रो आएको जानकारी दिनु भएको छ । | |
| २. | कल्पना सेतिमहर सुनिलस्मृति गाउँपालिका वडा नं. ७ तेबाङ | महिलाहरुलाई बेला-बेलामा स्वरोजगार तथा शसक्तिकरणका लागि तालिमहरु दिनु पर्ने, स्वरोजगार तालिम पाएकाहरुले ब्यवसाय गर्न चाहेको तर आर्थिक अभावमा ब्यवसाय गर्न नसकेकाहरुलाई अनुदान दिनु पर्ने । | सुनिलस्मृति गाउँपालिकाका उपाध्यक्ष मीना थापा | हरेक वर्ष आफुले सम्पुर्ण महिलाहरुलाई सशक्तिकरण र स्वरोजगार मुलक तालिमका लागि कार्यमुलक योजना बनाउने गरेको तर पालिकामा आउने बजेट न्यून भएका कारण सम्पुर्ण कार्यमुलक योजनाहरु कार्यान्वयन गराउन नसकेको जानकारी दिनु भएको छ । उपाध्यक्ष थापाले पालिकामा उपलब्ध स्रोत र साधनका आधारमा महिलाहरुको शसक्तिकरण र स्वरोजगार बनाउनका लागि आफुहरुले पहल र प्रयास गरिरहेको जानकारी दिनु भएको छ । | |

सुनिलस्मृति गाउँपालिका वडा नं. ७ को तेबाङमा निर्गम अभिमत र नागरिक प्रतिवेदन तयार पारिएको थियो । सेवा लियर फर्कदै गरेको सेवाग्राहिहरुसंग निर्गम अभिमत संकलन गरिएको थियो । उनिहरुले विभिन्न प्रश्न तथा प्रतिकृया अभिमतमा जाहेर गरेका थिए । यसका साथै सोही स्थानका १० जना भन्दा धेरैसंग नागरिक प्रतिवेदन पनि तयार पारिएको थियो । त्यतिकै संख्यामा निर्गम अभिमत संकलन गरिएको थियो ।




*सुनिलस्मृति गाउँपालिका ७ तेबाङमा नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनको समयमा लिइएको तस्बिर :*

घ) सुनिलस्मृति गाउँपालिका वडा नं. ८ अरेसः

| क्र.स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने ब्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | तिलसरी रानामगर सुनिलस्मृति गाउँपालिका वडा नं. ८ अरेस | प्राथमिक स्वास्थ्य चौकीको बनेको आधुनिक भवनबाट छिटै सेवा दिनु पर्ने, महिलाहरुलाई नियमित स्वरोजगगार तालिम दिनु पर्ने,कृषि उत्पादनको वजारीकरणमा ध्यान दिनु पर्ने । | सुनिलस्मृति गाउँपालिकाका उपाध्यक्ष मीना थापा र कृषि शाखा प्रमुख डिल्ली केसी | महिलाहरुलाई सिपमुलक तालिम दिइरहेको र आगामी दिनहरुमा पनि तालिम नपाएकाहरुलाई दिदै जाने जानकारी उपाध्यक्ष थापाले दिनु भएको छ । स्वास्थ्य चौकी को नयाँ बनेको भवनबाट केहि समय भित्रै सेवा दिने बताउनु भएको छ। केसीले कृषकहरुको उत्पादनलाई बजारीकरण गर्नमा शाखाले पालिकामा पहल गरिरहेको जानकारी दिनु भएको छ । | |
| २. | इश्वर पुनमगर सुनिलस्मृति गाउँपालिका वडा नं. ८ तेबाङ | जुतुङ खोलामा मोटरेवल पुल नहुँदा यात्रा गर्न कष्ट हुने गरेकाले छिटै पुल बनाउनु पर्ने र वडा कार्यालय सम्म जोड्ने सडक बहुवर्षेमा परेकोमा खुसी ब्यक्त गर्दै छिटो कार्यान्वयन गर्नु पर्ने सुझाव, शिक्षाको गुणस्तर सुधारका लागि पहल गर्नु पर्ने । | सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष मणिराम बुढाथोकी | जुतुङ खोला पुल निमार्णका लागि गत आर्थिक वर्षमा पनि बजेट परेको तर पुल निमार्ण हुन नसकेको जानकारी दिदै वडा कार्यालय सम्म पुग्ने सडक निमार्णका लागि बहुवर्षे योजना गरेको र छिटै पुल र सडक निमार्णका लागि टेण्डर हुने जानकारी दिनु भएको छ । बुढाथोकीले पालिका भरिमा शिक्षाको गुणस्तर सुधारका लागि जनशक्ति ब्यवस्थापन, भौतिक पुर्वाधार निमार्ण र तालिम तथा अभिमुखिकरणका लागि काम गरिरहेको जानकारी दिनु भएको छ। | |

सुनिलस्मृति गाउँपालिका वडा नं. ८ को तेबाङमा निर्गम अभिमत र नागरिक प्रतिवेदन तयार पारिएको थियो । सेवा लियर फर्कदै गरेको सेवाग्राहिहरुसंग निर्गम अभिमत संकलन गरिएको थियो । उनिहरुले विभिन्न प्रश्न तथा प्रतिकृया अभिमतमा जाहेर गरेका थिए । यसका साथै सोही स्थानका १० जना भन्दा धेरैसंग नागरिक प्रतिवेदन पनि तयार पारिएको थियो । त्यतिकै संख्यामा निर्गम अभिमत संकलन गरिएको थियो ।



*सुनिलस्मृति गाउँपालिका ८ तेबाङमा नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनको समयमा लिइएको तस्बिर :*

## ८) आर्थिक वर्ष २०८१/०८२ को वार्षिक सार्वजनिक सुनुवाई/कार्यक्रम विवरणः

सुनिलस्मृति गाउँपालिकाले चालु आर्थिक वर्षको वार्षिक चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ । आर्थिक वर्ष २०८१/०८२ को वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम सुलिचौरमा सम्पन्न गरेको हो । "जनआकांक्षा पुरा गर्ने हाम्रो संकल्प, दिगो विकास र सुशान हाम्रो बिकल्प" भन्ने मुल नाराका साथ गाउँपालिकाले सार्वजनिक सुनुवाई कार्यक्रम सुनिलस्मृति गाउँपालिकाको केन्द्र सुलिचौरुमा सम्पन्न भएको छ ।

गाउँपालिकाले सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन २०६४ को दफा ३० तथा गाउँपालिकाको सार्वजनिक सुनुवाइ सम्बन्धी कार्यविधि २०७९ बमोजिम दोस्रो चौमासिक सार्वजनिक सुनुवाई गरिएको हो । गाउँपालिकामा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो । वर्ष भरिमा सम्पादन भएका विकास निर्माणका योजना, कार्यक्रम, सेवा, प्रवाह लगायत समग्र क्रियाकलापको बारेमा सार्वजनिक सुनुवाई गरिएको छ । सुनिलस्मृति गाउँपालिकाले कार्यविधि नै बनाएर चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम गरिरहेको छ । प्रथम र दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कुनै एक वडामा र वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रम गाउँपालिकाको केन्द्रमा कार्यक्रम गर्दै आएको छ ।

सुनिलस्मृति गाउँपालिका अध्यक्ष मनिराम बुढाथोकीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो । सार्वजनिक सुनुवाई कार्यक्रमको बारेमा जानकारी तथा स्वागत मन्तब्य प्रशासन शाखा प्रमुख रनविर बुढाले राख्नु भएको थियो भने चालु आर्थिक वर्षको एक वर्ष सम्म सम्पादन भएका कार्यहरुको प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत नगेन्द्रप्रसाद रिजालले प्रस्तुत गर्नु भएको थियो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा उपाध्यक्ष मिना थापा, प्रमुख प्रशासकीय अधिकृत नगेन्द्रप्रसाद रिजाल, वडा न. १ का वडा अध्यक्ष पवन कवर, वडा न. ३ का वडा अध्यक्ष दुर्गाबहादुर

बिष्ट, वडा न. ४ का वडा अध्यक्ष ओविलाल वस्नेत, वडा न. ६ का वडा अध्यक्ष लोकेन्द्र बहादुर थापा र वडा नं. ८ का वडा अध्यक्ष धनराज रोकाको उपस्थिति रहेको थियो । त्यस्तै कार्यपालिका सदस्यहरु, वडामा क्रियाशिल बिभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, पत्रकार, गाँउपालिका भित्रका बिभिन्न शाखाका शाखा प्रमुखहरु लगायतको सहभागिता रहेको थियो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागि नागरिकहरु बाट उठेका शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र खानेपानी, सिंचाई, पुर्वाधार, बिद्युत आदीको क्षेत्रमा समस्या रहेको बताएका छन् । स्थानीय सरकारले अहिले सम्म सबै काम राम्रो गर्नका लागि प्रयास गरेको भए पनि, कतिपय कुरामा स्थानीय सरकारले गर्नु पर्ने नागरिकको काम प्रभावकारी ढंगबाट गर्न नसकेको भन्दै कार्यक्रममा बोल्ने केही नागरिकहरुले गुनासो गरेका थिए । आफ्ना गुनासो, सुझाबहरु प्रत्येक्ष आफुले चुनेर पठाएको जनप्रतिनिधिसंग राख्ने अवसर दिएको भन्दै स्थानीय सरकार सुनिलस्मृति गाँउपालिकालाई नागरिकहरुले धन्यवाद समेत ब्यक्त गरेका छन् ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागि नागरिकहरु बाट आएका प्रशन एंव जिज्ञासाको जवाफ गाउँपालिका अध्यक्ष मणिराम बुढाथोकी, उपाध्यक्ष मिना थापा, प्रमुख प्रसासकीय अधिकृत नगेन्द्रप्रसाद रिजाल, वडा न. ४ का वडा ओविलाल बस्नेत, राजश्व शाखा प्रमुख पदम रिजाल, कृषि शाखा प्रमखु डिल्ली केसी र गाउँपालिकामा रहेका विभिन्न बिषयगत शाखाका प्रमुख लगायतले दिनु भएको थियो ।

सार्बजनिक सुनुवाई कार्यक्रममा स्थानीय आम नागरिक, बिभिन्न टोलबिकास समिति, आमा समुह, युवा क्लब, बाल क्लब, बिभिन्न विद्यालयका शिक्षक, गाउँपालिकाका कर्मचारी, पत्रकार लगायतको सहभागिता रहेको थियो । कार्यक्रमको सहजीकरण रेडियो सभ्यताका पत्रकार गणेश केसीले गर्नुभएको थियो भने सामुदायिक रेडियो मालश्री र रेडियो सभ्यताबाट प्रत्येक्ष प्रशारण समेत गरिएको थियो ।

## ९) कार्यक्रममा सहभागिहरुले राखेका जिज्ञासा तथा प्रश्न र सम्बन्धित सरोकारवालाको जवाफ:

### केही महत्वपुर्ण मात्र

| क्र. स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने ब्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | शालिकराम सुवेदी सुनिलस्मृति गाउँपालिका ४ सुलिचौर , रोल्पा | सुलिचौर, रुइनिबाङमा फोहोर फाल्नेलाई कार्वाहि कहिले हुन्छ, सार्वजनिक सडकमा ब्यापारका लागि सामान राख्नेलाई के गर्ने, फोहोर बोक्ने गाडिको समय तालिका नभएको । | सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष मणिराम बुढाथोकी | आफु सुनिलस्मृति गाउँपालिकाको अध्यक्ष भएर आउदा सुलिचौर रुइनिबाङ बजार क्षेत्रको फोहोर अस्त ब्यस्त रहेको, अहिले वजार सरसफाइ र फोहोर ब्यवस्थापनका लागि ध्यान दिइरहेको जानकारी दिनु भएको छ । साथै फोहोर ब्यवस्थापनका लागि गाउँपालिकाले पहल गरिरहेको साथै सार्वजनिक स्थानमा रहेको निर्माण सामाग्री तथा ब्यापारीहरुले राखेको साम्री ब्यवस्थापनका लागि प्रयास गरिरहेको जानकारी दिनु भएको छ । | |
| २. | ओविराम रोकामगर सुनिलस्मृति ४ सुलिचौर, रोल्पा | टेण्डर गर्दा अत्यन्त न्युनमा टेण्डर हाल्नेलाई नदिइ कानून बनाएर ठिक्कको रेट हाल्नेलाई | सुनिलस्मृति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नगेन्द्र प्रसाद | अहिले प्रदेश तथा संघको सार्वजनिक खरिद ऐन, कानून, कार्यविधिमा धेरै घट्नेलाई टेण्डर नदिने भन्ने नभएको साथै जसले कममा टेण्डर गर्ने ब्यवस्था भएकाले | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | टेण्डर दिदा कसो होला, उपाध्यक्षसंग शिक्षा सुधारका लागि कस्ता भिजनहरु र नीतिहरु बनेका छन । | रिजाल र उपाध्यक्ष मीना थापा | त्यसो गर्न नसकिने तर उहाको सुझाव सकरात्मक भएको बताउनु भएको छ । उपाध्यक्ष मीना थापाले शिक्षा क्षेत्र सुधारका लागि भौतिक पुर्वाधार निमार्णदेखि शिक्षक, अभिभावक, विद्यार्थिहरुलाई प्रशिक्षित गर्नेदेखि विभिन्न भिजन तथा कानून कार्यविधि भए पनि आर्थिक अभावमा सबै कार्यन्वयन गर्न नसकिएको भनाई । | |
| ३. | अमृत घर्ती सुनिलस्मृति ३ रुइनिबाङ रोल्पा | गत आर्थिक वर्षको आय, ब्ययमा सवारी साधन कर २ हजार मात्र भनिएको छ त्यो के हो, थरी-थरीका कर्मचारी, थरी-थरीका शैलि भनेको के हो । | सुनिलस्मृति गाउँपालिकाका राजश्व शाखाका प्रमुख पदम रिजाल<br>प्रमुख प्रशासकीय अधिकृत नगेन्द्र प्रसाद रिजाल | गाउँपालिका भित्र चल्ने विभिन्न सवारी साधनहरु मध्य अटोलाई पालिकामा दर्ता गरि राजश्वको दायरामा लिने भन्ने पालिकाको कार्यविधिमा उल्लेख भएकाले सुनिलस्मृति गाउँपालिकाका रहेका अटोहरुलाई दर्ता प्रकृयामा लिदा अघिल्लो आर्थिक वर्षमा अटो दर्ता गरेको र गत वर्ष २ वटामा आटो नविकरण गर्न आएकाले २ हजार राजश्व जम्मा भएकाले त्यसो भनिएको बताउनु भएको छ । पालिकामा थुप्रै प्रकारका सेवाहरु दिनु पर्ने फरक-फरक सेवा दिनु पर्ने भएकाले त्यसो भनिएको हो । जस्तै शिक्षा, स्वास्थ्य, सामाजिक जागरण, निमार्ण आदि फरक सेवा दिने कर्मचारी फरक हुने भएकाले त्यसो भनिएको बताउनु भएको छ । | |
| ४. | शंकर पुनमगर | प्रतिवेदनमा शिक्षा शाखा अन्तरगत | प्रमुख प्रशासकीय | उच्च शिक्षा छात्राबृद्धि कोष बनाएर गत आर्थिक वर्षबाट | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सुनिलस्मृति ८ अरेस, रोल्पा | उच्च शिक्षाका लागि छात्रवृति व्यवस्थापन भनिएको छ, त्यसका बारेमा प्रष्ट जानकारी दिनु हुन अनुरोध | अधिकृत नगेन्द्र प्रसाद रिजाल | सुरुमा लिएका र यसले १२ कक्षाको अध्ययन पश्चात प्राविधिक शिक्षा पढ्नका लागि पालिकाले सुचना निकाल्ने र कार्यविधि अनुसार छनौट गरेर छात्रवृद्धि प्रदान गरिने जानकारी दिनु भएको छ । | |
| ५. | ओविलाल विष्ट सुनिलस्मृति ३ रोल्पा | सुलिचौरमा रहेको प्रथमिक स्वास्थ्य केन्द्रको व्यवस्थापनमा ध्यान दिन नसकेको, फोहोर व्यवस्थापन र केन्द्र परिषरमा सरसफाइ नगरेको, अस्पतालले राम्रो सेवा नदिएको । | सुलिचौर प्राथमिक स्वास्थ्य केन्द्रका डाक्टर युवराज महरा | आफुहरुले समय, समयमा कर्मचारीहरुको सहयोगमा सरसफाइ अभियान चलाइरहेको, भवन पुरानो भएकाले पनि त्यसो देखिएको जानकारी । प्राथमिक स्वास्थ्य केन्द्रमा सेवा राम्रो नदिएको भन्ने विषयमा एउटा डाक्टर केन्द्रमा हुँदैमा सवै सेवा एक्लैले दिन नसकिने त्यसका लागि सम्पुर्ण उपकरण सहिद आवश्यक पर्ने सम्पुर्ण कर्मचारीको टिम भए पश्चात मात्र सबै सेवा राम्रो दिन सकिने जनाउनु भएको छ । | |

फाटोमा आर्थिक वर्ष २०८१-०८२ को वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम :








सुनिलस्मृति गाउँपालिका
आ.व. २०८१/०८२ को
वार्षिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाइ कार्यक्रम
२०८२/०४/२९ गते विहान १०:३० बजे
गाउँपालिकाको सभाहल
आयोजक
सुनिलस्मृति गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा



१०)सुझाव :

क) कार्यक्रममा सहभागिको संख्या बढाउनका लागि अझै कर्मचारी र जनप्रतिनिधिले ध्यान दिनु पर्ने

ख) गाउँ, टोलमा पुगेर भरिने नागरिक प्रतिवेदन फारम सरल बनाउनु पर्ने ।

ग) सार्वजनिक सुनुवाईमा उठेमा समस्याहरुलाई सकेजति छिटो समाधान गर्नु पर्ने ।

घ) सम्भव भए सम्म तोकिएकै समयमा कार्यक्रम सुरुवात गर्ने ।

ङ) वडाको दुर्गमा स्थानमा पनि कार्यक्रमको आयोजना गर्नु पर्ने ।

च) जुन वडामा सार्वजनिक सुनुवाई हुन्छ, त्यहि वडाका कर्मचारी र जनप्रतिनिधिले जनसहभागिताका लागि पहल गर्नु पर्ने ।

## ११) अन्तमा :

सेवाप्रदायक नियकाय र सेवाग्राहीविच दुरी नजिक बनाउदै साँझा बुझाइ निमार्ण गर्न र विभिन्न कार्यालय तथा स्थानिय सरकारहरुले गरेको गतिविधि आम नगरिकहरु समक्ष पुऱ्याउने साथै कार्य सम्पादन गर्दै गर्दा भए गरेको गल्ति, कमि, कमजोरी र सकरात्मक सुझाव लिने गतिलो फोरमको रुपमा सार्वजनिक सुनुवाईलाई लिने गरिन्छ ।

आफुले गरेका राम्रा कामहरुको पनि प्रचार-प्रसारको कमिका कारण र गलत बुझाइका कारण सेवाग्राहिहरुमा पर्न गएको गलत बुझाई तथा क्रोधलाई अन्त्य गर्दै पालिका तथा सेवाप्रदायक कार्यालयले दिएको सेवामा सन्तुष्ट पार्न पनि सार्वजनिक सुनुवाईले थप भूमिका खेलेको हुन्छ ।

यस प्रकारको कार्यक्रमले गाउँका कुना-कुनामा रहेका समस्याहरुलाई सम्वन्धित सेवाप्रदायक निकायहरु समक्ष पुऱ्याउन महत्वपुर्ण भूमिका खेल्नुका साथै गाउँ, समाजमा भएका समस्यालाई कसरी समाधान गर्न सकिन्छ भन्ने बारेमा पनि विज्ञ, स्थानीय वुद्धिजिवि, समाजसेविहरुले सकरात्मक सुझाव समेत दिने भएकाले कार्य सम्पादन गर्नमा सार्वजनिक सुनुवाईको अहम भूमिका हुन्छ । यसलाई अझैं सभ्य, भब्य र सबैको सहभागिता जुटाउनका लागि सबैले आ-आफ्नो तहबाट लाग्नु पर्छ ।

स्थानीय सरकारको केन्द्रमा आम दुरदराजका नागरिकहरुको समस्या, गुनासो नआइ पुग्ने भएकाले विभिन्न गाउँको वस्ति-वस्ति र टोलहरुमा पुगि संकलन गरिने नागरिकहरुको गुनासो, सुझाव र सस्या स्थानीय सरकारको केन्द्रमा पुऱ्याउनका लागि पनि सार्वजनिक सुनुवाईले भूमिका खेलेको देखिन्छ । कार्यालयले प्रत्यक चौमासिकमा गरेको गतिविधि, खर्च विवरण समेत सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिने भएकाले विभिन्न योजना तथा कार्यक्रमहरुमा अनियमितता, भ्रष्टचारमा कमि आउनुका साथै मितब्ययिता समेत कायम हुने देखिन्छ । यसलाई निरन्तरता दिनु स्थानिय सरकारको दायित्व हो ।

गाउँपालिका तथा वडा कार्यालय वा अन्य जुन सुकै सेवा प्रदायक कार्यालयहरु, पालिकामा सम्पन्न हुने विभिन्न विकाश निमार्णका योजनाहरु सम्पन्न भए पश्चात पनि सार्वजनिक सुनुवाई गर्नु कानूनी बाध्यता रहेको छ । कागजी रुपमा मात्र नभएर बास्तवमै सार्वजनिक सुनुनवाई गर्न सके कार्यालयले प्रदान गर्ने सेवा प्रवाह, चुस्त, दुरुस्त, पारदर्शि र जनविश्वास प्राप्त गर्न सक्छ ।

प्रतिवेदक - गणेश केसी
पद - स्टेशन म्यानेजर
सस्था - रेडियो सभ्यता ९९.५ मेगाहर्ज
सुलिचौर, रोल्पा